प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०७/०१


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको उनान्चालिस प्रतिशत (४८.७८%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढीरहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १२९३०४ (१००%) | ६३०८२ (१००%) |
| निको भएको | ८९८४० (६९.५%) | ३८५६० (६१.१%) |
| उपचाररत | ३८७३७ (२९.९%) | २४१९७ (३८.४%) |
| मृत्यु भएको | ७२७ (०.५६%) | ३२४ (०.५१%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/०१ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/०१ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०७/०१

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइसीयु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

गत २४ घण्टामा १५२ जना संक्रमितको आइसियुमा उपचार भइहेको छ (काठमाण्डौ उपत्यकाभित्र १०९ र बाहिर ४३) जसमध्ये ४८ जना भेन्टिलेटरमा हुनुहुन्छ (काठमाण्डौ उपत्यकाभित्र ४२ र बाहिर ६) ।

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

ललितपुर-२, चितवन-१, काठमाण्डौ-१, धादिङ-१, भक्तपुर-१ (**कुल जम्मा - ६**)

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- पाटन, ललितपुरका ७० वर्षिय पुरुष असोज २८ गते सशस्त्र प्रहरी बल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ३० गते निधन भएको छ ।उहाँको असोज २३ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचापले ग्रसित हुनुहुन्थ्यो | ललितपुरका ८० वर्षिय पुरुषलाई निमोनिया भई असोज १५ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ३० गते निधन भएको छ ।उहाँको असोज २८ गते कोभिड-१९ पुष्टि भएको थियो ।
- खैरेनी, चितवनकी ६८ वर्षिया महिलालाई निमोनिया र मुटुको समस्या भई असोज २४ गते चितवन मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ ।उहाँको असोज २७ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ दिर्घ मृगौला रोग, मधुमेह र उच्च रक्तचापले ग्रसित हुनुहुन्थ्यो | सिनामंगल, काठमाण्डौका ६६ वर्षीय पुरुषलाई मुटुरोग र दमको समस्या भई असोज २७ गते काठमाण्डौ मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज २८ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचापले ग्रसित हुनुहुन्थ्यो ।
- धादिङका ४५ वर्षीय पुरुषलाई असोज २७ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २९ गते निधन भएको छ ।उहाँको असोज २७ गते कोभिड-१९ पुष्टि भएको थियो इनचो-७, भक्तपुरका ७० वर्षीय पुरुष असोज २९ गते कोभिड-१९ पुष्टि भई होम आइसोलेसनमा बस्ने क्रममा आज निधन भएको छ । उहाँ मुटुरोगले ग्रसित हुनुहुन्थ्यो | उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७६३७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल ३०१ जना बसिरहनुभएको छ भने १४२६ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४५९५ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७४३ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १५९९८ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १०८०१८ जनाको पिसिआर परिक्षण गरिएको छ ।

- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय स्थनीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरणलाई आगामी दिनमा व्यवस्थित गर्दै लगिनेछ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका# | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | ९९५२ | २६४६६ | ४३३०१ | १४५१ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २४२० | ११२३४ | ६१३९ | १५२ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | १३५० | ११५२५ | ४२६६ | १४३ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ३ | ५ | १३०० | ३२ | | |
| नुवाकोट | ५४९ | ५ | ४४ | ४० | १९ | ६८ | ५५४४ | ३७९ | १८ | |
| धादिङ | ३१५ | २ | १८ | १३७ | ५१ | २५२ | ४५७८ | ८४४ | २० | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | ८४४ | १५७७९ | ३३६९ | १ | |
| सिन्धुली | ३१३ | ५ | १५ | ४३ | २० | १०६ | ३६२४ | ३१३ | ५ | |
| मकवानपुर | १५५ | ४ | ० | २४५ | ९३ | ५७९ | १३१२० | २४४५ | ११९ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | ३७ | १४७९ | २८३ | ३ | |
| दोलखा | १९३ | २ | ३५ | ४४ | १० | ५ | २२५४ | २०५ | ६ | |
| काभ्रेपलान्चोक | ६२२ | १८ | ८३ | १७६ | ८४ | ३१८ | ५८६९ | ११५८ | २१ | |
| सिन्धुपाल्चोक | ७५४ | ६ | १०१ | १२६ | ५१ | ६२ | ५२४६ | ३४८ | १४ | |
| जम्मा | ७६३७ | ३०१ | १४२६ | ४५९५ | ३७४३ | १५९९८ | १०८०१८ | ६३०८२ | १९५३ | |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

#होम आइसोलेसनमा रहेका बिरामीको संख्या हिजोसम्म उल्लेखित विवरणमा केहि जिल्लाको बिरामीको संख्या दोहोरिएको/संलग्न नभएकोमा आज सच्याइएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरु:

- **संक्रमितको खोजी र फलो-अप कार्य:**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ९९२७ | ३११ | २१० | ५२ जनाः भक्तपुर-१५, ललितपुर-१३, काभ्रेपलान्चोक-८, नुवाकोट-६, दोलखा-५, सिन्धुली-१, कैलाली-१, फलोअप-३ | १५८ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २७८५२ | ० | ९३ | २८ जनाः मकवानपुर-१९, सिन्धुपाल्चोक-१, काठमाण्डौ-१, , फलोअप-७ | ६५ | |

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट ब्यवस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई